# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,गौचर
## शिलवन्दी बोलपत्र आव्हानको सूचना
(सूचना प्रकाशित मिति २०७५।०९।.....)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको डिर्पाचर हलमा १६.६९ बर्ग मिटर क्षेत्रफलको कोठामा ब्राण्डेड सामानहरुको Varieties (घडी, ब्राण्डेड व्याग, ब्राण्डेड मोबाईल, क्यालकुलेटर, टर्च लगायत इलेक्ट्रोनिक्स सामानहरु) को पसल संचालन गर्नको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट सो कार्य गर्ने गरी इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीहरुबाट रितपूर्वक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयको कर्पोरेट महाशाखाबाट खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा शिलबन्दी बोलपत्र प्रस्ताव दर्ता गर्नुपर्नेछ । सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको Website:www.tiairport.com.np मा र यस कार्यालयको सूचना पाटीमा टाँसिएको छ । अन्य जानकारीको लागि कर्पोरेट महाशाखामा सर्म्पक राखी जानकारी प्राप्त गर्न सकिनेछ ।

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**गौचरको**
**शिलवन्दी बोलपत्र आव्हानको सूचना**
(सूचना प्रकाशित मिति २०७५।०९।०६)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको डिर्पाचर हलमा १६.६९ बर्ग मिटर क्षेत्रफलको कोठामा ब्राण्डेड सामानहरुको Varieties (घडी, ब्राण्डेड व्याग, ब्राण्डेड मोबाईल, क्यालकुलेटर, टर्च लगायत इलेक्ट्रोनिक्स सामानहरु) को पसल संचालन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) दिन भित्र यस कार्यालयको गौचर स्थित राष्ट्रिय बाणिज्य बैक गौचर शाखामा रहेको हि.न. ५८ मा रु.१०००।- (एक हजार रुपैयाँ मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद (Tax Invoice), नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. वोलपत्रसाथ रजिस्टर्ड फर्म/कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्वन्धीत निकायवाट व्यवसाय संचालन गर्न प्राप्त इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, VAT/PAN दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि ३ (तीन) बर्षको हुनेछ । उक्त ३ बर्ष अवधिको न्युनतम ठेक अंक रु.२३,०६,३७५।- (तेईस लाख छ हजार तीन सय पचहत्तर रुपैयाँ) कायम गरिएको छ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो बक्यौता फछ्र्यौट गरेको कागजात पत्र डकुमेण्ट्स खरिद गर्नु पूर्व पेश गर्नुपर्नेछ ।

५. वोलपत्रसाथ आफूले कवोल गरेको वहाल रकमको ५% ले हुने रकम रा.वा.वैंक गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं ७० मा जम्मा गरेको सक्कल भौचर वा सो वरावर रकमको यस कार्यालयको नाममा मान्यता प्राप्त वैकवाट जारी भएको ६ महिना अवधि भएको वैङ्क ग्यारेन्टी (Bid Bond) वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३० (तीस) दिन भित्र खरिद गरी ३१ (एकतीस) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकतीस) औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन बिषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११ बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएकोछ ।

१२. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

**(नोट : मिति २०७५।०९।०६ को गोरखा पत्र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको छ ।)**